जसको सुन वा चाँदी छ र त्यसको जकात तिर्दैन, कयामतको दिन उसको लागि आगोका थालहरू तयार पारिनेछन्

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसको सुन वा चाँदी छ र त्यसको जकात तिर्दैन, कयामतको दिन उसको लागि आगोका थालहरू तयार पारिनेछन् र उसलाई नर्कको आगोमा तताइनेछ, त्यसपछि उसको छेउ, निधार र ढाड डामिनेछन्। जब पनि पाटीहरू चिसो हुन्छन्, तिनीहरूलाई फेरि तताइनेछ। यो दण्ड पचास हजर वर्ष लामो दिनमा हुनेछ। जबसम्म सेवकहरू बीच फैसला हुँदैन यो जारी रहनेछ। त्यसपछि ऊ आफ्नो बाटो लाग्छ; स्वर्ग वा नर्क ।" सोधियो: हे अल्लाहका रसूल! ऊँटको बारेमा के नियम छ? उहाँले भन्नुभयो: “जसको ऊँट छ र उसले त्यसको कर (जकात) तिर्दैन र उसको हक के हो भने (आवश्यक परेका र यात्रीहरूको लागि) उसको दूध दुहुनुपर्छ। त्यसैले न्यायको दिनमा, त्यो व्यक्तिलाई ऊँटहरूको अगाडि समतल मैदानमा घोप्टो पारेर फ्याँकिनेछ र उसका सबै ऊँटहरू त्यहाँ पहिलेभन्दा मोटा हुनेछन्, र तिनीहरूबाट एउटा पनि बाछो हराउने छैन। यी ऊँटहरूले त्यो व्यक्तिलाई आफ्नो खुरले कुल्चनेछन् र मुखले टोक्नेछन्। जब तिनीहरूमध्ये अन्तिम बित्नेछ, तिनीहरूमध्ये पहिलोलाई त्यसैमा फर्काइनेछ। यो दण्ड पचास हजर वर्ष लामो दिनमा हुनेछ। (यो जारी रहनेछ) जबसम्म सेवकहरू बीच फैसला हुँदैन र तिनीहरूले स्वर्ग वा नर्कको बाटो देख्दैनन्।” भनियो : हे अल्लाहका रसूल, गाइ र बाख्राहरूको बारेमा के हुकुम छ? उहाँले भन्नुभयो: "जो मान्छे गाइ र बाख्राहरूको मालिक बन्यो र तिनको हक पूरा गरेन भने कयामतका दिन उसका गाइ बाख्राहरूको सामुन्ने एउटा समतल मैदानमा घोप्टि पारेर सुताइने छ र एउटा पनि गाइ बाख्रा कम भएको नहोला र कुनैको सिंग बाङ्गो नहोला न त कुनैको भाँचिएको होला अनि सिंङ नभएकाले पनि उसलाई आफ्नो सिङ्गले हान्ने छन् र आफ्नो खुरले कुल्चिने छन् । जब अन्तिम गाइ वा बाख्राले कुल्चेर गइ सके पछि पहिलाको गाइ वा बाख्रालाई फर्काइने छ र कुल्चाइने छ । यो सजाय यस्तो दिनमा होला जसको लम्बाइ पचास हजर वर्ष हुनेछ, यहाँसम्म कि भक्तहरू बीच फैसला भइ सक्ला, र उसले स्वर्ग वा नरकमा आफ्नो बाटो देख्नेछ ।" भनियोः हे अल्लाहका रसूल ! घोडाको बारेमा के भन्नुहुन्छ? उहाँले भन्नुभयो: घोडा तीन प्रकारका हुन्छन् : एक ती घोडाहरू जो मान्छेका लागि बोझ र पापका कारण बन्छन् । दोस्रो जो मान्छेका लागि पर्दा बन्छन् र तेस्रो जो मान्छेका लागि पूण्य र प्रतिफलको कारण बन्छ । जो घोडा मान्छेका लागि बोझ र पापका कारण बन्छन् ती घोडाहरू हुन् जो मान्छेले अरूलाई देखाउनका लागि र अभिमान एवं मुस्लिमसित मुठभेटका लागि राखेको हुन्छ । यस प्रकारको घोडा मानिसका लागि पापको कारण हुने गर्छन्। जो घोडा मानिसका लागि पर्दा बन्छन्, ती यस्ता घोडा हुन्, जसलाई मान्छेले अल्लाहको बोटोमा जिहादका लागि पालेको हुन्छ र तीनको पिठ्यूँ र गर्दनका बारेमा अल्लाहको हक भुलेको हुँदैन । यस्ता किसिमका घोडाहरू मानिसका लागि पर्दा हुने गर्छन् । जो घोडा मानिसका लागि पुण्यका कारण बन्छन्, ती यस्ता घोडा हुन्, जसलाई अल्लाहको मार्गमा मैदान वा हरियाली चरनभूमिमा बाँध्छ, त्यस घोडाले त्यहाँबाट खाएको प्रत्येक घाँसको कणको बदला उसलाई पुण्य लेखिन्छ। त्यसैगरी, घोडाले गरेको मलमूत्रको पनि उति नै संख्यामा पुण्य लेखिन्छ। यदि त्यो घोडा आफ्नो डोरी तानेर अगाडि बढ्छ र एउटा वा दुईटा उचाइ पार गर्छ, तब पनि

अल्लाहले उसको प्रत्येक पाइला र मलमूत्रको बदला पुण्य लेख्नुहुन्छ। यदि त्यसको
मालिक कुनै खोलानजिक पुग्छ र घोडाले त्यस खोलाबाट पानी खान्छ, यद्यपि उसले घोडालाई पानी खुवाउने सोच राखेको हुँदैन, तब पनि घोडाले पिएको प्रत्येक थोपा पानीको बदला अल्लाहले उसलाई पुण्य लेख्नुहुन्छ। [सही] [मुत्तफकुन अलैहि]

अल्लाहका नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले विभिन्न प्रकारका धनसम्पत्ति र तिनमा जकात नतिर्नेहरूलाई दिइने सजाय उल्लेख गर्नुभएको छ, जस्तै : १- सुन, चाँदी र त्यसको अधीनमामा रहेका अन्य सम्पत्ति र व्यापारिक सामानहरू । यदि तिनीहरूमाथि जकात अनिवार्य भयो र जकात तिरिएन भने, न्यायको दिनमा तिनीहरूलाई पगालेर पहिले प्लेटको रूपमा ढालिनेछ र त्यसपछि यी प्लेटहरूलाई नर्कको आगोमा तताइनेछ र तिनीहरूको मालिकको छेउ, निधार एवं पिठ्यूँमा डामिनेछ । जब तिनीहरूको ताप कम हुन्छ, तिनीहरूलाई फेरि तताइनेछ। न्यायको दिनमा दण्डको यो चक्र दिनभरि जारी रहनेछ र त्यो दिन पनि पचास हजर वर्षको हुनेछ। यहाँसम्म अल्लाहले प्राणीहरू बीच निर्णय गर्नुहुन्छ र तिनीहरू स्वर्ग वा नर्क जानेछन् भन्ने निर्णय गरिने छैन। २. यदि ऊँटको मालिकले अनिवार्य जकात अदा गर्दैन र त्यसको हकहरू जस्तै गरिब र दरिद्रहरूलाई दूध खुवाउदैन भने न्यायको दिन उसलाई कठोर सजाय दिइनेछ। त्यसका उँटहरू ठूला, मोटो र आफ्नो संख्यामा बढी हुनेछन्। त्यसपछि तिनीहरूको मालिकलाई तिनीहरूको अगाडि समतल, चौडा जमिनमा सुताइनेछ, त्यसपछि ऊँटहरूले उसलाई आफ्नो खुट्टाले कुल्चनेछन् र दाँतले टोक्नेछन्। जब पछिल्लो उँट अगाडि बढ्छ, पहिलो उँट फेरि फर्केर कुल्चनेछ। यो यातनाको चक्र न्यायको दिनभरि जारी रहनेछ, जुन पचास हजर वर्षसको हुनेछ। अन्ततः जब अल्लाह बन्दाहरूमाझ फैसला गर्नुहुन्छ, तब ऊ या त स्वर्गतर्फ जानेछ या नर्कतर्फ। तेस्रो: जो गाई वा भेडा-बाख्राको मालिक हुन्छ तर त्यसको अनिवार्य जकात अदा गर्दैन, त्यसलाई कयामतको दिन कठोर सजाय दिइनेछ। त्यसका सबै जनावरहरू पूरै संख्यामा ल्याइनेछन्, कुनै पनि कमी हुने छैन। त्यसका मालिकलाई फराकिलो, समथर भूमिमा लडाइनेछ। ती जनावरहरू पूर्ण रूपमा स्वस्थ र शक्तिशाली हुनेछन्—न कुनै भाँचिएको सिङ, न सिङबिनाका, न कुनै अपांगता भएका। तिनले आफ्ना सिङले हान्नेछन् र खुट्टाले कुल्चनेछन्। जब पछिल्लो जनावर अगाडि बढ्छ, पहिलो जनावर फेरि फर्केर उसलाई यातना दिनेछ। यो अवस्था निरन्तर रहनेछ, जबसम्म कयामतको दिनको फैसला पूरा हुँदैन। न्यायको दिनमा यो दण्डको चक्र दिनभरि जारी रहनेछ, र त्यो दिन पनि पचास हजर वर्षसम्म चल्नेछ। जबसम्म प्राणीहरू बीच निर्णय हुँदैन र तिनीहरू स्वर्ग जानेछन् वा नर्क जानेछन् भन्ने निर्णय हुनेछैन। ४.घोडा पाल्ने वाला; यसका तीन प्रकार छन्: १. आफ्नो मालिकलाई पाप गराउने घोडा। यसले प्रसिद्धि, घमण्ड वा मुस्लिमहरू विरुद्ध युद्धको लागि पालिएको घोडालाई जनाउँछ। २- जो मान्छेका लागि पर्दा बन्छन् । यसले अल्लाहको मार्गमा जिहादको उद्देश्यले राखिने घोडालाई जनाउँछ । उसलाई राम्रो व्यवहार गरिन्छ, खुवाइन्छ र हेरचाह गरिन्छ। ३. यस्तो घोडा जुन इनामको कारण बन्छ। यसले मुस्लिमहरूको लागि अल्लाहको मार्गमा जिहादको लागि राखिएको घोडालाई जनाउँछ। जब तिनीहरू चरन वा बगैंचामा हुन्छन्, त्यो चरन वा बगैंचामा तिनीहरूले जे खाने गर्छन्, तिनीहरूको लागि उनीहरूले खाने कुराको अनुपातमा पुण्य लेखिन्छ । अनि यसरी नै त्यसको मलमूत्र अनुसार उसका लागि पुण्य लेखिन्छ । यदि उसले आफ्नो डोरी भाँच्छ र एक वा दुई डाँडा माथि दौडन्छ भने, अल्लाह सर्वशक्तिमानले उसको खुट्टाको छाप र त्यस समयमा बग्ने रगतको मात्रा अनुसार उसको लागि पुण्य लेख्नुहुनेछ। यदि त्यसको मालिकले लिएर जाँदा कुनै खोलाको पानी खायो र त्यसको मालिकले नचाहेको भएपनि उसलाई त्यस अनुसारको पुण्य लेखिन्छ । त्यसपछि अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई गधाहरूको बारेमा सोधियो: के गधाहरू पनि घोडा जस्तै हो? त्यसैले उनले जवाफ दिए कि गधाको बारेमा मलाई कुनै विशेष आदेश दिइएको छैन, यद्यपि, यो अद्वितीय र व्यापक श्लोक छ, जसको दायरा भित्र सबै प्रकारका असल कर्म र पापहरू आउँछन्: अनुवाद: त्यसैले जसले अणु बराबरको राम्रो काम गरेको छ उसले त्यो देख्नेछ, र जसले अणु बराबरको नराम्रो काम गरेको छ उसले त्यो देख्नेछ। (अल-जलजलाह: ७-८) अर्थात्, जसले राम्रो नियतले गधा पालेको छ उसले

[illegible]

https://sunnah.global/hadeeth/ne/show/6611

النجاة الخيرية
ALNAJAT CHARITY
لجنة الدعوة الإلكترونية
EDC E-Da'wah Committee